## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ६ | सङ्ख्याः ४ | मितिः २०८१/०६/१३

## भाग – २

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०८१

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/१३**

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) र दफा ५४ देखि ६२ सम्मका विभिन्न दफा उप–दफाहरूमा व्यवस्था भए बमोजिम स्थानीय तहको कर तथा गैरकर राजश्व परिचालन सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संसोधन, परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने उद्देश्यले दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व परामर्श समितिले उपदफा (४) बमोजिम आफ्नो बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्न सकिने कानूनी व्यवस्था भए तापनि यस सम्बन्धी कार्यविधिको अभावमा समितिका बैंठकहरू प्रभावकारी रुपमा सञ्चालन गर्न नसकिएको र संविधान तथा ऐनका प्रावधानअनुसारको काम,कर्तव्य र अधिकार बमोजिम गतिशिल गराउन नसकिरहेको विद्यमान अवस्थालाई दृष्टिगत गरी स्थानीय राजश्व परामर्श समितिको काम कारवाहीलाई प्रभावकारी र परिणाममुखी बनाउन वाञ्छनीय भएकोले धर्मदेवी नगरपालिकाले ऐनको दफा ६५ को उपदफा (४) बमोजिम धर्मदेवी नगर कार्यपालिकाले मिति २०८१ साल असोज १३ गतेको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम स्थानीय राजश्व परामर्श समिति (कार्य सञ्चालन) कार्यविधि, २०८१ रहनेछ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः**

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४लाई सम्झनुपर्दछ।

(ख) “नगरपालिका” भन्नाले धर्मदेवी नगरपालिकालाई सम्झनुपर्दछ।

(ग) “नगर प्रमुख” भन्नाले धर्मदेवी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(घ) “समिति” भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व परामर्श समितिलाई सम्झनुपर्दछ।

(ङ) “संयोजक” भन्नाले स्थानीय राजश्व परामर्श समितिको संयोजकलाई सम्झनुपर्दछ।

(च) “सदस्य” भन्नाले समितिका सदस्यहरूलाई सम्झनुपर्दछ ।

(छ) “सदस्य सचिव” भन्नाले समितिका सदस्य सचिवलाई सम्झनुपर्दछ।

धर्मदेवी नगरपालिका, संखुवासभा

३. **समितिको कार्यक्षेत्रः**

(१) समितिको कार्य क्षेत्र ऐनको दफा ६५ को उपदफा (२) मा उल्लेखित कामका अतिरिक्त देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाको राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा नगरपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजश्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने,

(ग) राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग र व्यवसाय प्रर्वद्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा नगरपालिकालाई परामर्श दिने,

(ङ) कर राजश्व तथा गैरकर राजश्व, सेवाशुल्क, दस्तुर आदिको दर सम्बन्धमा नगरपालिकालाई परामर्श दिने,

(च) नगरपालिकाको राजश्व प्रशासन सुधारका लागि अन्य परामर्श दिने,

(छ) नगरपालिकाको आन्तरिक राजश्व अभिवृद्धि तथा सुधारको लागि राजश्वको आधार, दर, दायरा, राजश्व आधारहरूको मूल्याङ्कन, राजश्व सम्बन्धी संरचना, जनशक्ति, क्षमता विकास, प्रविधि उपयोग, नियमित अनुगमन, राजश्व परिचालनको अवस्थाको आवधिक समीक्षा, मूल्याङ्कनको आधारमा नगरकार्यपालिकालाई नीतिगत तथा कार्यगत पृष्ठपोषण सहित सुझाव दिने,

(ज) नगरपालिकाको आन्तरिक राजश्व अभिवृद्धि तथा सुधारका लागि राजश्व सुधार कार्ययोजना तर्जुमा, कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, राजश्व परिचालनलाई प्रभावकारी र लाभ लागतको विश्लेषणको आधारमा बाह्य प्राविधिक तथा व्यवस्थापकीय सेवा लिने सम्बन्धी नीतिगत र प्रवन्धकीय व्यवस्थापनका लागि नगरपालिकालाई पृष्ठपोषण सहित राय सुझाव दिने,

(झ) नगरपालिकाले तोके बमोजिम अन्य काम ।

४. **समितिको संयोजकको भूमिकाः**

(१) राजश्व परामर्श समितिको संयोजकको मुख्य भूमिका देहाय अनुसार रहनेछ।

(क) समितिको बैंठकको अध्यक्षता गर्ने,

(ख) नगरपालिकालाई राजश्व परिचालनका सम्बन्धमा नगर प्रमुख र कार्यपालिकासँग आवश्यक परामर्श गर्ने,

(ग) सदस्य सचिवसँगको परामर्शमा समितिको बैंठकको मिति तथा समय तोक्ने,

(घ) बैठकको सम्भावित कार्यसूची तय गर्ने,



धुलिखेल नगरपालिका, सञ्चारिका

(ङ) राजश्वसँग सम्बन्धित निकाय वा व्यक्तिहरूसँग आवश्यक समन्वय गर्ने,

(च) राजश्व परामर्श समितिको कार्यक्षेत्रमा पर्ने सम्पूर्ण कार्यहरूको प्रभावकारी कार्य सम्पादनको लागि नेतृत्व प्रदान गर्ने,

(छ) नगर प्रमुख, कार्यपालिका वा समितिले तोकेका अन्य कार्य गर्ने

**५. स्थानीय समितिका सदस्यहरुको भूमिकाः**

(१) स्थानीय राजश्व परामर्श समितिका सदस्यहरूको मुख्य भूमिका देहायअनुसार रहनेछः

(क) संयोजकले तोकेको बैठकमा उपस्थित भै राजश्व क्षेत्रमा सुधार गर्नुपर्ने पक्षमा सुझाव तथा धारणा राख्ने,

(ख) समितिमा आफुले प्रतिनिधित्व गरेको क्षेत्रबाट नगरपालिकाले राजश्व क्षेत्रमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रममा आवश्यक सुझाव दिने,

(ग) स्वीकृत राजश्वका दर र दायरा बमोजिम कर सङ्कलनको लागि आवश्यक सहजीकरण गर्ने,

(घ) समितिले तोकेका अन्य कार्य गर्ने ।

**६. समितिको सदस्य सचिवको भूमिकाः**

(१) स्थानीय राजश्व परामर्श समितिको सदस्य सचिवको भूमिका देहायअनुसार रहनेछः

(क) समितिको सचिव भई सचिवालय सञ्चालन सम्बन्धी आवश्यक जिम्मेवारी निर्वाह गर्ने,

(ख) संयोजकसँगको समन्वयमा बैठकको कार्यसूची तयार गर्ने, प्रस्ताव तयार गर्ने र सदस्यहरूलाई पत्राचार गर्ने,

(ग) राजश्वसँग सम्बन्धित विषयहरूमा आवश्यक सूचना तथा तथ्याङ्कहरूको सङ्कलन, विश्लेषण गरी समितिको बैठकमा पेस गर्ने,

(घ) नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार पार्ने र समितिमा पेस गर्ने,

(ङ) समितिबाट स्वीकृत राजश्व सुधार कार्ययोजना बमोजिम आगामी आ.व.को लागि राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषणको आधारमा कार्यपालिकालाई आर्थिक विधेयक तयार पार्न सहयोग गर्ने,

(च) समितिको वार्षिक प्रतिवेदन तयार गर्ने,

(छ) राजश्व प्रशासन सुधारका लागि प्रभावकारी कार्य गर्ने,

(ज) समितिले तोकेका अन्य कार्य गर्ने ।

७. **समितिको बैठकः**समितिको बैठक र समय तालिका, बैठकका सम्भावित कार्यसूची तथा बैठक सम्बन्धी कार्यविधि

| **क्र.सं.** | **बैठक संख्या** | **बैठकको सम्भावित मिति** | **बैठकको सम्भावित कार्यसूची** |
|---|---|---|---|
| १ | बैठक संख्या १ | पौष १० भित्र | कार्यविधिको दफा ८ मा उल्लेख भए बमोजिम |
| २ | बैठक संख्या २ | फागुन मसान्तभित्र | कार्यविधिको दफा ९ मा उल्लेख भए बमोजिम |
| ३ | बैठक संख्या ३ | आषाढ ५गतेभित्र | कार्यविधिको दफा १० मा उल्लेख भए बमोजिम |
| ४ | बैठक संख्या ४ | भाद्र १५ गतेभित्र | कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिम |

८. **पहिलो बैठकको सम्भावित कार्यसूचीः**

(१) समिति संयोजकले सदस्य–सचिव समेतको परामर्शमा बैठकका प्रस्तावित कार्यसूची तयार गर्नुपर्नेछ । उक्त बैठकको सम्भावित कार्यसूचीहरू देहायअनुसार हुनसक्ने छन्।

(क) चालु आ.व.मा स्वीकृत राजश्वका दर दायरा बमोजिम पहिलो ५ महिनाको सङ्कलनको अवस्थाको समीक्षा गर्ने सम्बन्धी,

(ख) समीक्षाको आधारमा करका दर र दायरा एवं आन्तरिक आय सङ्कलनको लागि आर्थिक ऐनमा संशोधन गर्नुपर्ने देखिएमा आर्थिक ऐन संशोधनको लागि आवश्यक सुझाव दिने सम्बन्धी,

(ग) आन्तरिक आय सङ्कलनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने नीति, कानुन एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनमा नगरपालिकालाई सुझाव दिने सम्बन्धी,

(घ) आन्तरिक आय सङ्कलनको अनुगमन, समन्वय एवं सहजीकरण गर्ने सम्बन्धी,

(ङ) आगामी आ.व. को लागि नगरपालिकामा आन्तरिक आयबाट प्राप्त हुन सक्ने सम्भावित आयको प्रक्षेपण गरेर दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराउने,

(च) गत आ.व.को मूल्याङ्कनको आधारमा उत्कृष्ट करदाता छनौट गरी पुरस्कृत गर्नको लागि कार्यपालिकामा सिफारिस गर्ने,

(छ) नगरपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरू ।

**९. दोस्रो बैठकको सम्भावित कार्यसूचीः**

(१) समितिको दोस्रो बैठकको सम्भावित कार्यसूचीहरू देहाय अनुसार हुनसक्ने छन्:

(क) चालु आ.व.को फागुन मसान्तसम्मको आन्तरिक राजश्व सङ्कलनको समीक्षा र बाँकी अवधिमा उठ्न सक्ने रकमको अनुमानको आधारमा आगामी आ.व.को लागि नगरपालिकामा प्राप्त हुने आन्तरिक आयको कुल अङ्क दफा ६६ बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराउने,

(ख) राजश्व सङ्कलनको अनुगमन, समन्वय तथा सहजीकरण गर्ने,

(ग) आगामी आ.व.को लागि राजश्व सुधार प्रतिवेदन र कार्ययोजना तयार पार्न आवश्यक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,

(घ) राजश्व परामर्श समिति, शाखा र कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी व्यवस्था,

(ङ) राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन कर प्रशासनमा सुधार, कर शिक्षा कार्यक्रम सञ्चालन, स्वयम् कर घोषणा कार्यलाई प्रोत्साहन जस्ता गतिविधिहरूको सञ्चालन, अनुगमन, समन्वय र सहजीकरण,

(च) नगरपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरू ।

**१०. तेस्रो बैठकको सम्भावित कार्यसूचीः**

(१) समितिको तेस्रो बैठकको सम्भावित कार्यसूचीहरू देहायअनुसार हुनसक्ने छन्

(क) आगामी आ.व.को लागि राजश्व प्रक्षेपण सहितको राजश्व अध्ययन प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ख) चालु आ.व.को असार मसान्तसम्मको आन्तरिक राजश्व सङ्कलनको संशोधित अनुमानित र आगामी आ.व. को अनुमान गरी दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिसमक्ष पेस गर्ने,

(ग) आगामी आ.व.को लागि आन्तरिक आय सङ्कलनको लागि ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यको योजना बनाउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(घ) आगामी आ.व.मा राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन, बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतीका लागि बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा पेस गर्ने,

(ङ) नगरपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरू ।

**११. चौथो बैठकको सम्भावित कार्यसूचीः**

(१) समितिको चौथो बैठकको सम्भावित कार्यसूचीहरू देहाय अनुसार हुनसक्ने छन्

(क) चालु आ.व.को लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट मध्ये राजश्व सङ्कलन तर्फको नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको कार्यतालिका बनाउने,

(ख) राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन आवश्यक कानुनी प्रबन्ध गर्न कार्यपालिकालाई सिफारिस गर्ने,

(ग) राजश्व सङ्कलन प्रक्रियाको अनुगमन गर्ने, समीक्षा गर्ने र सुधारका लागि आवश्यक नीतिगत तथा कार्यक्रमगत पहलकदमी लिने,

(घ) राजश्व शाखा र कर्मचारीको क्षमता अभिवृद्धि, नागरिकमा कर शिक्षा लगायतका गतिविधिहरूको सञ्चालन, अनुगमन र समन्वय गर्ने,

(ङ) नगरपालिकाले तोकेका तथा समितिले आवश्यक ठानेका अन्य विषयहरू ।

**१२. समितिको बैठक प्रणालीः**

(१) समितिको बैठक सञ्चालन प्रणाली देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(ग) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञहरूलाई आमन्त्रित गर्न सकिनेछ,

(घ) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ,

(ङ) समितिको बैठकको निर्णय सर्वसम्मत प्रणालीबाट पारित हुनेछ यदि सर्वसम्मत हुन नसकेमा बहुमत प्रणालीबाट पारित गरिनेछ,

(च) समितिको बैठकको निर्णय समितिका संयोजकबाट प्रमाणित गरिनेछ ।

## परिच्छेद ५
## राजस्व अनुमान प्रक्षैपण र आवधिक समीक्षा

**१३. राजस्व अनुगमन प्रक्षेपणः**

(१) समितिले प्रत्येक बर्ष नगरपालिकालाई प्राप्त कर तथा गैरकर राजश्व अधिकार क्षेत्र, स्वीकृत दर, दायरा, करयोग्य सम्पत्ति, आम्दानी तथा वस्तु र सेवाको प्रचलित बजारमूल्य, नगरपालिकाको राजश्व प्रशासन संयन्त्र, जनशक्ति, प्रविधि क्षमता समेतको विश्लेषणको आधारमा परिचालन हुन सक्ने कर तथा गैर राजश्वको अनुमान प्रक्षेपण गरी नगरकार्यपालिका समक्ष पेस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तुत गरिने राजश्व अनुमान प्रक्षेपण तयार गर्दा विगत ३ आ.व. को अनुमान र यथार्थ आयको समीक्षा, विश्लेषणको आधारमा आगामी ३ आ.व.को लागि

गरिएको अनुमान प्रक्षेपण, लक्ष्य, रणनीति र कार्यक्रम सहितको राजश्व सुधार कार्ययोजनालाई आधार मानी प्रक्षेपण गर्नुपर्ने छ ।

(३) समितिले आगामी आ.व.को लागि राजश्व अनुमान प्रक्षेपण प्रस्तुत गर्दा कर तथा गैरकर शीर्षक अन्तर्गतको आन्तरिक आय,बाह्य आयका साथै नगरपालिकाले अवलम्बन गर्ने नीति, कार्यक्रम र आयोजना परियोजनाको लागि आवश्यक पर्ने स्रोत अनुमानको आधारमा न्यून हुने श्रोत परिचालनका लागि आन्तरिक ऋण परिचालन वा निजी क्षेत्रको स्रोत परिचालन जस्ता वैकल्पिक बिधिहरूको संभाव्य श्रोत परिचालन सम्बन्धी खाका समेत सिफारिस गर्न सकिनेछ ।

**१४. आवधिक समीक्षाः**

(१) समितिले प्रस्ताव गरेको राजश्व अनुमान प्रक्षेपण, सिफारिस गरिएको राजश्व नीति, कार्यक्रम र नगरपालिकाले पारित गरेको राजश्व लक्ष्य, नीति, कार्यक्रमअनुसार राजश्व परिचालन भए नभएको सम्बन्धमा आवधिक समीक्षा गरी सम्बन्धित निकायलाई नीतिगत तथा व्यवस्थापकीय सुधार एवं निर्देशनको लागि कार्यापालिकालाई सुझाव दिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम कार्यपालिकालाई दिएको सुझाव कार्यान्वयन गर्ने जिम्मेवारी नगरकार्यपालिकाको हुनेछ ।

**१५. उपसमिति वा कार्यदल गठन गर्न सकिनेः**

(१) समितिले नगरपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि राजश्वसँग सम्बन्धित कुनै विषय वा क्षेत्र सम्बन्धमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानेमा उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) यसरी गठन हुने उपसमिति वा कार्यदलको कार्य विवरण, सेवाशर्त सुविधा सम्बन्धी व्यवस्था समितिको सिफारिसमा नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**१६. आवधिक तथा वार्षिक प्रतिवेदनः** समितिले आफ्नो कार्य सम्पादन सम्बन्धी चौमासिक तथा बार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेस गर्नेछ ।

**१७. अधिकार प्रत्यायोजनः** समिति तथा समितिको संयोजकले आफुलाई प्राप्त अधिकार सदस्य वा अन्य पदाधिकारीमा प्रत्यायोजन गर्न सकिनेछ ।

**१८. बैठक भत्ताः** समितिका पदाधिकारीहरूले कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन्।

१९. **कार्यविधिको व्याख्या:** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगरकार्यपालिकामा रहनेछ ।

२०. **प्रचलित कानुनसँग बाझिएमा:** यस कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानुनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम नै हुनेछ ।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा